7TH of Dec 2025

यो आकाशवाणी हो

मुख्य समाचारहरुबाट

- गुरुग्राममा ब्रह्माकुमारीज़ रिट्रिट सेन्टरको रजत जयन्ती कार्यक्रमको उपराष्ट्रपतिबाट उद्घाटन
- लोकसभामा वन्दे मातरम् 150 औँ वर्षगाँठबारे विशेष छलफल भोलिदेखि
- विश्वस्तरिय पूर्वाधार विस्तारले अहमदाबाद 2036 ओलम्पिक आयोजनातर्फ अग्रसर हुने गृहमन्त्रीको विश्वास
- सशस्त्र सेनाको झण्डा दिवसमा प्रधानमन्त्री मोदीद्वारा वीर सैनिकप्रति कृतज्ञता व्यक्त
- रक्षा मन्त्री राजनाथ सिंहद्वारा 7 राज्य र 2 केन्द्र शासित प्रदेशमा 125 सामरिक परियोजनाहरूको उद्घाटन

समाचार विस्तारमा

गुरुग्राममा ब्रह्माकुमारीज़ रिट्रिट सेन्टरको रजत जयन्ती कार्यक्रम उपराष्ट्रपतिबाट उद्घाटन

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले आज हरियाणाको गुरुग्रामस्थित ब्रह्माकुमारीज़को ओम शान्ति रिट्रिट सेन्टरको रजत जयन्ती समारोह ‘रजत रश्मियाँ’ को उद्घाटन गरेका गर्नुभएको छ। यस अवसरमा उहाले भन्नुभयो कि ब्रह्माकुमारीज़ले ध्यानको शक्तिबाट मस्तिष्क, ब्रह्माण्ड र आत्मासम्बन्धी गहिरा सत्यहरू उजागर गर्दै आएको छ।

उहाका अनुसार संस्थाको निरन्तर प्रयासले भारत मात्रै होइन, विश्वभरका असंख्य साधकले शान्ति, र आध्यात्मिक चेतनाको अनुभूति गर्दै आएका छन्। अन्त्यमा, उहाले विश्वास व्यक्त गर्नुभयो कि रजत जयन्ती वर्षले शान्ति, सद्भाव र आध्यात्मिक कल्याण प्रवर्द्धन गर्ने संस्थाको उद्देश्यलाई अझ सबल बनाउनेछ।

लोकसभामा वन्दे मातरम् 150 औँ वर्षगाँठबारे विशेष छलफल भोलिदेखि

राष्ट्रिय गीत वन्दे मातरम्-को 150 औँ वर्षगाँठको अवसरमा भोलि लोकसभामा विशेष छलफल सुरु हुने भएको छ। आधिकारिक स्रोतहरूका अनुसार, प्रधानमन्त्री नरेन्द्र मोदी यस छलफलको सुरुआत लोकसभामै गर्नुहुने छ । गत हप्ता यस सम्बन्धमा जानकारी दिँदै संसदीय कार्यमन्त्री किरेन रिजिजूले भन्नुभएको थियो कि पूरै दिन चल्ने यो छलफल दिउँसो 12 बजेबाट सुरु हुनेछ। उहाले बताएअनुसार, लोकसभा अध्यक्ष ओम बिर्लाको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले 8 डिसेम्बरमा वन्दे मातरम् सम्बन्धी छलफल र 9 डिसेम्बरमा निर्वाचन सुधारबारे बहस गर्ने निर्णय गरेको थियो।.

विश्वस्तरिय पूर्वाधार विस्तारले अहमदाबाद 2036 ओलम्पिक आयोजनातर्फ अग्रसर हुने गृहमन्त्रीको विश्वास

गृहमन्त्री अमित शाहले आज विश्वास व्यक्त गर्नुभएको छ कि अहमदाबाद चाँडै नै विश्व खेलकुदको स्तरमा शीर्ष स्थानमा पुग्नेछ र 2036 को ओलम्पिक खेलहरूको आयोजनाको अधिकार प्राप्त गर्नेछ। उहाका अनुसार पछिल्ला केही वर्षमा शहरमा विश्वस्तरिय खेल पूर्वाधार र प्रशिक्षण सुविधाहरूको अभूतपूर्व विस्तार भएको छ। उहाले यो पनि बताउनुभयो कि अहमदाबाद 2030 का राष्ट्रमण्डल खेलहरूको तयारीमा जुटिरहेको छ र चाँडै यहाँ एक विशाल सरदार पटेल स्पोर्ट्स एन्क्लेव स्थापना हुनेछ। श्री शाहले आर्थिक रूपमा पिछडिएको वर्गका लागि आठ सयभन्दा बढी ईडब्ल्यूएस आवास, झुग्गी–झोपडी विकास कार्य तथा ताल–तलाउ, उद्यान सहित अन्य शहरी सार्वजनिक सुविधाहरूको उद्घाटन गर्नुभयो। उहाले गोठामा एक मिनी स्पोर्ट्स कम्प्लेक्सको शिलान्यास गर्नुभयो र अहमदाबाद शहरका विभिन्न जन–केन्द्रित परियोजनाहरूको आधारशिला पनि राख्नुभयो। साथै, श्री शाहले एएमसीका करिब एक सय नवनियुक्त सहायक अग्नि–शमनकर्मीहरूलाई नियुक्तिपत्र प्रदान गर्नुभयो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

सशस्त्र सेना झण्डा दिवसमा प्रधानमन्त्री मोदीद्वारा वीर सैनिकप्रति कृतज्ञता व्यक्त

प्रधानमन्त्री नरेन्द्र मोदीले आज सशस्त्र सेना झण्डा दिवसको अवसरमा भन्नुभयो कि देशले ती वीर पुरुष तथा महिलाप्रति गहिरो कृतज्ञता व्यक्त गर्छ, जो अटुट साहसका साथ राष्ट्रको रक्षा गर्छन्। सामाजिक सञ्जालमा गरिएको एक पोस्टमा श्री मोदीले भन्नुभयो कि सैनिकहरूको अनुशासन, दृढसंकल्प र अदम्य साहसले नागरिकहरूको रक्षा गर्दछ र राष्ट्रलाई बलियो बनाउँछ।

उहाले सैनिकहरूको कर्तव्य, अनुशासन र समर्पण उनीहरूको प्रतिबद्धताको शक्तिशाली उदाहरण भएको उल्लेख गर्नुभयो। साथै, श्री मोदीले देशवासीलाई सशस्त्र सेना झण्डा दिवस कोषमा योगदान दिन आग्रह पनि गर्नुभयो।

रक्षा मन्त्री राजनाथ सिंहद्वारा 7 राज्य र 2 केन्द्र शासित प्रदेशमा 125 सामरिक परियोजनाहरूको उद्घाटन

रक्षा मन्त्री राजनाथ सिंहले आज सीमासडक संगठन (बीआरओ) द्वारा निर्मित सात वटा राज्य र दुई केन्द्र शासित प्रदेशमा रहेका, श्योक सुरुङसहित 125 सामरिक रूपमा महत्वपूर्ण पूर्वाधार परियोजनाहरूको उद्घाटन गर्नुभयो । रक्षा मन्त्रीले भन्नुभयो कि यी परियोजनाहरू राष्ट्रका लागि सर्वोच्च बलिदान दिने भारतीय सेना र बीआरओका वीरहरूका स्मृतिलाई समर्पित छन्। श्री सिंहले भन्नुभयो कि लेह-मै अवस्थित श्योक सुरुङले लद्दाखमा क्रान्तिकारी परिवर्तन ल्याउनेछ, जसले जाडोमा पनि कनेक्टिभिटी र आवागमन सुनिश्चित गर्नेछ। केन्द्रिय मन्त्रीले जोड दिँदै भन्नुभयो कि श्योक सुरुङले क्षेत्रको विकासलाई गति दिनेछ, पर्यटनलाई प्रवर्द्धन गर्नेछ र आर्थिक गतिविधिहरू बढाउनेछ। byteee….

विद्युत् क्षेत्रमा एआई–एमएल प्रविधिबाट स्मार्ट वितरण प्रणाली निर्माण गर्न आह्वान: केन्द्रीय मन्त्री मनोहर लाल

केन्द्रीय विद्युत् मन्त्री मनोहर लालले आज भन्नुभयो कि artificial intelligence र मेसिन लर्निङबाट आधारित अनुप्रयोगहरूले तार्किक, उपभोक्ता–केन्द्रित र स्वयं–अनुकूलित वितरण सञ्जाल निर्माण गर्न मद्दत गर्छन्। नयाँदिल्लीमा विद्युत् वितरण क्षेत्रमा AI र मेसिन लर्निङ प्रविधिको प्रयोगबारे आयोजित पहिलो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उहाले सबै विद्युत् वितरण कम्पनीहरूलाई स्मार्ट, भरपर्दो र उपभोक्ता–केन्द्रित वितरण प्रणालीका लागि पारिस्थितिक तन्त्र निर्माण गर्न सबै सरोकारवालाहरूसँग सहकार्य गर्न आग्रह गर्नुभयो।

उहाले नयाँ प्रविधिमा आधारित समाधान प्रस्तुत गर्ने विद्युत् वितरण कम्पनीहरू र उद्यमहरूलाई पुरस्कृत पनि गर्नुभयो। श्री मनोहर लालले डिस्कम कम्पनीहरूलाई स्रोत योजनाहरू तयार गर्न सक्षम बनाउनका लागि स्टेलर— अर्थात दीर्घकालीन भार पर्याप्तता तथा लचकता सुनिश्चित गर्न रणनीतिक विस्तार सफ्टवेयर—को शुभारम्भ पनि गर्नुभयो।

एसआईआरको दोस्रो चरणमा 50 करोडभन्दा बढी गणना फाराम वितरण: निर्वाचन आयोग

निर्वाचन आयोगले जनाएको छ कि विशेष गहन पुनरीक्षण (एसआईआर) को दोस्रो चरण सुरु भएपछि हालसम्म मतदाताहरूबीच 50 करोड 94 लाखभन्दा धेरै गणना form वितरण भइसकेका छन्। यस चरणमा करिब 51 करोड मतदातामध्ये 99.94 प्रतिशत मतदाता समावेश हुने आयोगले जनाएको छ।

आयोगका अनुसार हालसम्म 50 करोडभन्दा बढी form डिजिटाइज गरिएका छन्। मतदाता सूचीको एसआईआरको दोस्रो चरण नोभेम्बर 4 तारिखदेखि नौवटा राज्य र तीनवटा केन्द्र शासित प्रदेशमा सुरु भएको थियो। मतदाता सूचीकै ठूलो स्तरको पुनरीक्षणको कार्य आगामी वर्ष फेब्रुअरी 14 मा अन्तिम मतदाता सूची प्रकाशित भएपछि सम्पन्न हुनेछ।

इंडिगोका उडानहरू

दिल्ली विमानस्थलले यात्रुहरूलाई विमानस्थल जानुअघि आफ्नो एयरलाइनसँग उडानको ताजा अवस्थाबारे अनिवार्य रूपमा जानकारी लिन आग्रह गरेको छ, किनकि इंडिगोका उडानहरूमा अझै पनि ढिलाइ हुन सक्छ। विमानस्थलले जारी गरेको परामर्शमा भनिएको छ

कि ढिलाइ कम गर्न तथा यात्रुहरूको यात्रा सहज बनाउन विमानस्थलका सबै टोलीहरू सम्बन्धित निकायहरूसँग समन्वय गर्दै काम गरिरहेका छन्। विमानस्थलले यात्रुहरूलाई कुनै पनि सहयोगका लागि सूचना डेस्कमा सम्पर्क गर्न प्रोत्साहित गरेको छ। साथै, वास्तविक समयका अपडेट तथा महत्वपूर्ण जानकारीका लागि विमानस्थलको आधिकारिक वेबसाइट हेर्न आग्रह गरिएको छ।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- गुरुग्राममा ब्रह्माकुमारीज़ रिट्रिट सेन्टरको रजत जयन्ती कार्यक्रमको उपराष्ट्रपतिबाट उद्घाटन
- लोकसभामा वन्दे मातरम् 150 औँ वर्षगाँठबारे विशेष छलफल भोलिदेखि
- विश्वस्तरिय पूर्वाधार विस्तारले अहमदाबाद 2036 ओलम्पिक आयोजनातर्फ अग्रसर हुने गृहमन्त्रीको विश्वास
- सशस्त्र सेना झण्डा दिवसमा प्रधानमन्त्री मोदीद्वारा वीर सैनिकप्रति कृतज्ञता व्यक्त
- रक्षा मन्त्री राजनाथ सिंहद्वारा 7 राज्य र 2 केन्द्र शासित प्रदेशमा 125 सामरिक परियोजनाहरूको उद्घाटन